# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

**कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना**

(मितिः२०८३/०४/३०)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३/०४/२९ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरू**

१. गाउँपालिका/वडाहरुको सीमा र संख्या पुनरावलोकन सम्बन्धमा
२. भूमीहिन सुकुम्बासी भुमीहिन दलित तथा अव्यवस्थित वसोवासीसँग सम्बन्धित कार्यमा तीव्रता दिने सम्बन्धमा।
३. परमादेशको रिट निवेदन सम्बन्धमा।
४. पारीश्रमिक निर्धारण सम्बन्धमा।,
५. विविध।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड, २०८३ बमोजिम यस गाउँपालिका अन्तर्गत देहायका विषयमा अध्ययनका लागि मापदण्ड बमोजिम गठित अध्ययन समितिको सचिवालयमा लेखि पठाउने निर्णय गरियो।

*क. वडा नं. ४ को वडा समितिले वडा नं. ४ लाई यथावत राखे निर्णय गरेको तर उक्त वडा अन्तर्गत खिवाङका स्थानीयले उक्त क्षेत्र छुट्टै वडा हुनुपर्ने माग राखेको सम्बन्धमा।*

*ख. वडा नं. ५ को भेडिखाल्टा क्षेत्र मालिका गाउँपालिका अन्तर्गत गाभिने सम्बन्धमा।*

*ग. वडा नं. ६ को वडा समितिले वडा नं. ६ लाई मालिका गाउँपालिका अन्तर्गत गाभिने निर्णय गरेको तर उक्त वडा अन्तर्गतको कल्लेनिका केहि स्थानीयले कल्लेनी क्षेत्रलाई धवलागिरी गाउँपालिकामा नै रहने माग सम्बन्धमा।*

*घ. वडा नं. ७ अन्तर्गत साविकको ताकम गा.वि.स.को वडा नं. १ र २ लाई छुट्टै वडा, साविकका वडा नं. ३, ४, ५ र ६ लाई छुट्टै वडा र साविकका वडा नं. ७, ८ र ९ लाई छुट्टै वडा गरि ३ वटा वडामा विभाजन गर्ने सम्बन्धमा।*

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा भूमिहिन सुकुम्वासी, भूमिहिन दलित तथा अव्यवस्थित वसोबासीको लगत संकलन तथा प्रमाणिकरणको कार्यलाई वडाहरुले थप तीव्रता दिने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा श्री उच्च अदालत पोखरा, बागलुङ इजलास बागलुङमा दायर भएको रिट निवेदन नं. 082-wo-0052 रिट निवेदक प्रेम बानियाँ विरुद्ध विपक्षी धवलागिरी गाउँपालिका समेतको मुद्धामा लिखित जवाफ प्रयोजनार्थ लिखित जवाफ पेश गर्न, हाजिर हुन, बहस पैरवी र प्रतिरक्षा समेतका काम कारबाही गर्न यसै धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत न्यायिक सहजकर्ता तथा अधिवक्ता श्री सुमन वोहोरालाई अख्तियारी दिने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।

**क. कार्यालय सहयोगीः** गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहयोगिहरुलाई स्विकृत तलबमानको सुरु तलब बमोजिमको तलब कायम गर्ने साथै वडा कार्यालय तथा सशर्त अनुदानबाट तलबभत्ता प्राप्त गर्ने बाहेकका स्वास्थ्य संस्थामा कार्यरत कार्यालय सहयोगीहरुको मासिक तलब रू २००००।— कायम गर्ने।

**ख. स्वास्थ्य चौकीकमा कार्यालय सहयोगीः** सशर्त अनुदानबाट तलबभत्ता प्राप्त गर्ने स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगीहरुलाई सशर्त कार्यक्रम कार्यान्वयन कार्यविधिमा तोकिए बमोजिमको पारिश्रमिक कायम गर्ने।

**ग. प्रारम्भिक बालविकास शिक्षकः** नेपाल सरकारले प्रदान गर्ने रू १२०००/- मा गाउँपालिकाबाट रू ८०००/- थप गरी २००००/- कायम गर्नुका साथै दरखोला बालविकास केन्द्रमा कार्यरत प्रारम्भिक बालविकास शिक्षकको तलव समेत रू २००००/-कायम गर्ने र पोशाक भत्ता एवं चाडपर्व खर्च समेत उपलब्ध गराउने।

**घ. विद्यालय सहयोगीः** नेपाल सरकारले प्रदान गर्ने रू १०,०००/- र गाउँपालिकाबाट रू १००००/- थप गरी जम्मा तलव रू २००००/- कायम गर्ने।

**ङ. विद्यालय सहायक कर्मचारीः** नेपाल सरकारले प्रदान गर्ने १५०००/- र गाउँपालिकाबाट रू ८०००/- थप गरी जम्मा रू २३,०००/- कायम गर्ने।

**च.** सामुदायिक सिकाई केन्द्रको तलव नेपाल सरकारले प्रदान गर्ने रू १०,०००/- र गाउँपालिकाबाट रू ८०००/- थप गरी जम्मा रू १८,०००/- कायम गर्ने।

**छ.** संघीय शिक्षण सहयोग अनुदान अन्तर्गतका शिक्षकहरूलाई महङ्गी भत्ता वापत गाउँपालिकाबाट मासिक रु. ५००० प्रदान गर्ने।

**ज. गाउँपालिका अनुदान शिक्षकः** गाउँपालिकको अनुदानमा कार्यरत शिक्षकहरूको तलव गत आ.व.मा निर्धारण भएबमोजिम नै हुने गरी मासिक रु. ५००० महङ्गी भत्ता समेत कायम गर्ने।

**झ.** दिवा खाजा अन्तर्गत नेपाल सरकारबाट प्राप्त हुने रु २०/- मा गाउँपालिकाबाट रू ५/- थप गरी दिवा खाजा बापत प्रतिविद्यार्थी रू २५/- उपलब्ध गराउने।

**ञ.** हेम मा.वि सिवाङमा कार्यरत कर्मचारीको देहायबमोजिम हुने गरी तलव भत्ता निर्धारण गर्ने।

**देहाय**

| | |
|---|---|
| **सफाई कर्मचारी** | **रू. १५,०००/-** |
| **भान्से** | **रू. १८,०००/-** |
| **वार्डेन** | **रू. २५,०००/-** |

**ट.** गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरूमा कार्यरत प्रध्यानाध्यापक हरूलाई मा.वि तहको लागि रू १५००/- र आधारभुत तहको लागि रू १०००/- संचार खर्च प्रदान गर्ने।

**ठ.** झोलुङ्गे पुल हेरालुलाई वार्षिक रु. ६०००/- पारीश्रमिक प्रदान गर्ने।

५. विविध प्रस्ताव अन्तर्गत देहाय बमोजिम हुने गरी निर्णय गरियो।

**क.** आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि तयार पारिएको वार्षिक कार्ययोजना स्विकृत गर्ने निर्णय गरियो।

**ख.** आ.व. २०८३/८४ को जिल्ला दररेटका आधारमा तयार पारिएको दर विश्लेषण (Rate Analysis) स्विकृत गर्ने निर्णय गरियो।

**ग.** धवलागिरी हिमालको बेसक्याम्प जाने पदमार्ग वर्षाको कारण विभिन्न ठाउँहरुमा क्षतिग्रस्त भएको हुँदा प्राविधिक लागत अनुमान तयार गरि मर्मतसम्भार गर्ने निर्णय गरियो।

**घ.** वडा नं. ४ को हल्वाङ जाने बाटो पहिरोको कारण क्षतिग्रस्त भएको कारण प्राविधिक लागत अनुमान तयार गरि मर्मतसम्भार गर्ने निर्णय गरियो।

**ङ.** वडा नं. ५ जोड्ने सडकको मराङखोलामा फलामको पाइप राख्नका लागि प्रक्रिया अगाडि बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**च.** गाउँकार्यपालिकाको मिति २०८३/०३/२८ को निर्णय बमोजिम निर्माणाधीन प्रशासकीय भवनको २०८३ पौष मसान्तसम्म म्याद थप गर्ने गरि गाउँकार्यपालिकाको कार्यालयबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**छ.** गाउँपालिका स्तरीय ५ शैया अस्पतालको निर्माण सम्पन्न गर्ने म्याद मिति २०८३ भाद्र २५ गतेसम्म रहेकोमा विविध कारणले उक्त समय भित्र निर्माण कार्यसम्पन्न हुन नसक्ने भएको हुँदा २०८३ चैत्र मसान्तसम्म म्याद थपको लागि निर्माण व्यवसायीबाट माग भए बमोजिम उक्त ठेक्का सम्झौताको म्याद २०८३ चैत्र मसान्तसम्म थप गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**ज.** चालु आ.व. २०८३/८४ को वार्षिक स्विकृत कार्यक्रममा कार्यपालिकाको निर्णय अनुसार माग तथा आवश्यकताका आधारमा वितरण हुने गरि ग्याविन तथा पाइप खरिदका लागि बजेट विनियोजन भएकोमा वडा कार्यालयको सिफारिसको आधारमा वितरण गर्ने गरि खरिद प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

झ. यहि श्रावण महिनामा भएको भारी वर्षाका कारण दरवाङ-मराङवेशी-राम्चे सडक खण्ड अवरुद्ध हुन पुगेकोमा तत्काल सडक सञ्चालनका लागि सडक मर्मत तथा सरसफाइ सम्बन्धि कार्य भएको हुँदा उक्त कार्यमा भएको खर्च भुक्तानी दिनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ञ. आउदै गरेको जनैपूर्णिमालाई मध्यनजर गर्दै मुना-जलजला- गुर्जाघाट मर्मत तथा सरसफाई गर्नुपर्ने भएको हुँदा तत्काल मर्मतसम्भारको प्रक्रिया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।